नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## भक्तपुर

पत्र संख्या:०७७/७८
चलानी नं.:

मिति:२०७७/०६/०१

### सेवा प्रवाह सम्बन्धी सूचना

कोभिड-१९ को संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रणको लागी जिल्ला प्रशासन कार्यालय, भक्तपुरबाट मिति २०७७/०४/२५ गतेबाट स्थगित गरिएका नियमित सेवाहरु सामाजिक भौतिक दूरी कायम गर्दै नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेका मापदण्डहरु अपनाई देहाय बमोजिमको सेवा प्रवाहको ढाँचा (**service flow structure**) मा अर्को व्यवस्था नभएसम्म मिति २०७७/०६/०४ गते आईतबार देखि लागु हुनेगरी प्रत्येक सेवामा दिनको २० जना भन्दा बढी सेवाग्राही नबढ्ने गरी निम्नानुसार हुने व्यवस्था मिलाइएको व्यहोरा सबैको जानकारीका लागि अनुरोध गरिएको छ।

१. नागरिकता प्रमाणपत्र, नागरिकता प्रतिलिपि, नावालिग परिचयपत्र, राहदानी, हातहतियार दर्ता नवीकरण, संघ संस्था दर्ता/नवीकरण आदि सेवाहरु निम्नानुसार हुने :

| क्र.शं. | बार | नगरपालिका | सेवाको विवरण |
|---|---|---|---|
| १. | आईतबार | भक्तपुर | नागरिकता, प्रतिलिपि, राहदानी, नाबालक, संस्था दर्ता, नबिकरण आदि |
| २. | सोमबार | चाँगुनारायण | नागरिकता, प्रतिलिपि, राहदानी, नाबालक, संस्था दर्ता, नबिकरण आदि |
| ३. | मंगलबार | - | आन्तरिक प्रशासनिक कार्य,विकास निर्माण सहजीकरण तथा बजार अनुगमन |
| ४. | बुधबार | सूर्यविनायक | नागरिकता, प्रतिलिपि, राहदानी, नाबालक, संस्था दर्ता, नबिकरण आदि |
| ५. | बिहीबार | मध्यपुर थिमी | नागरिकता, प्रतिलिपि, राहदानी, नाबालक, संस्था दर्ता, नबिकरण आदि |
| ६. | शुक्रबार | - | आन्तरिक प्रशासनिक कार्य,विकास निर्माण सहजीकरण तथा बजार अनुगमन |

२. शान्ति सुरक्षाको निवेदन र कानून बमोजिम हुने मुद्दा सम्बन्धी तथा अन्य आकस्मिक कार्यहरूः सबै कार्य दिन।

- तोकिएका दिन (बार) मिलाएर मात्र सम्बन्धित सेवाग्राही कार्यालयमा प्रवेश गर्नुपर्नेछ।
- नागरिकता र नाबालक परिचयपत्र बनाउने हकमा सेवाग्राही र सनाखत गर्ने थप १ जना मात्र कार्यालय परिसरमा प्रवेश गर्न सकिनेछ।
- कार्यालयको भीडभाड र कोभिड-१९ संक्रमणको अवस्था अनुसार उल्लेखित तालिकामा आवश्यकता अनुसार थपघट र परिमार्जन गर्दै लगिनेछ।
- सेवा लिन आउनु अघि सेवा प्राप्त गर्नको लागि तोकिएका कागज/प्रमाण साथमा लिई आउनु पर्नेछ। कागज/प्रमाण नपुगेमा सेवा दिन सकिने छैन । आवश्यक पर्ने कागजातको विवरण यस कार्यालयको वेवसाइट **daobhaktapur.moha.gov.np** को नागरिक सेवा वडापत्र खण्डमा हेर्न सकिने छ।
- सेवा लिन आउने सेवाग्राहीहरूले अनिवार्य रुपमा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्नु पर्नेछ।
- सेवाग्राहीले सेवा लिन आउँदा मास्क अनिवार्य रुपमा लगाएको हुनु पर्नेछ, कार्यालय परिसरमा रहेको सेनिटाईजर प्रयोग गर्ने वा साबुन पानीले अनिवार्य रुपमा हात धोएर मात्र सेवा लिनको लागि भौतिक दूरी कायम गर्दै आफ्नो पालो पर्खिनु पर्नेछ।
- मास्क नलगाई कार्यालय परिसर भित्र प्रवेश गरेको पाईएमा साथै नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयल तोकेको स्वास्थ्य सम्बन्धि मापदण्ड पालना नगरेमा सङ्क्रामक रोग ऐन, २०२० बमोजिम कारबाही गरिनेछ।

२०७७/६/१

(यज्ञराज जोशी)
प्रशासकीय अधिकृत

वेभसाइटः daobhaktapur.moha.gov.np ईमेलः daobhaktapur@gmail.com ☎६६१४४३७, 🖷६६१४६०७